# जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड

पो.व.नं. १३३५२, बबरमहल, काठमाण्डौ, नेपाल
**फोनः ०१-४२५७०२४, ०१-४२५७०२५**
**E-mail: info@hidcl.org.np, URL: www.hidcl.org.np**
*दोस्रो पटक प्रकाशित मिति २०७१।३।३०*

## विज्ञहरुको Roaster मा सूचिकृत हुने बारेको सुचना

यस कम्पनीद्वारा जलविद्युत आयोजनाहरुको प्राविधिक, आर्थिक, वातावरणीय, सामाजिक लगायत अन्य पक्षहरुको अध्ययन, मुल्यांकन र विश्लेषण गर्ने सन्दर्भमा सम्बन्धित विषयका विज्ञहरुको Roster अद्यावधिक गर्ने कार्य भइरहेको छ । यसर्थ, तपसिलमा उल्लेख भए बमोजिमको योग्यता एवं अनुभव हासिल गरी, उक्त Roster मा सूचीकृत हुन चाहने इच्छुक नेपाली नागरिकहरुले आवश्यक प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपी सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आवेदन पेश गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ । आवेदकहरुले तल उल्लेखित विषयहरु मध्ये आफु सूचिकृत हुनचाहेको विषय निवेदनमा स्पष्ट रुपमा खुलाउनु पर्नेछ । साथै, यस पूर्व कम्पनीद्धारा प्रकाशित सुचनालाई आधार मानि Roster मा सूचीकृत हुनका लागि आवेदन पेश गर्नु भएका आवेदकहरुले आफ्नो आवेदनमा केही कुरा अद्यावधिक गर्नुपर्ने भए, यसै सूचना बमोजिम गर्नुहुन पनि सूचित गरिन्छ । आवेदकलाई सुचीमा समावेश गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कम्पनीमा निहित रहनेछ । थप जानकारीको लागि यस कम्पनीको कार्यालय बबरमहल ( जिविस, काठमाण्डौ परिसर) मा कार्यालय समयभित्र सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।

**विषयः**

- हाईड्रोपावर इन्जिनियर (Hydropower Engineer)
- स्ट्रक्चरल इन्जिनियर (Structural Engineer)
- भुगर्भविद् (Geologist)
- इलेक्ट्रिकल इन्जिनियर (Electrical Engineer)
- समाजशास्त्री, वातावरणविद् (Sociologist, Environmentalist)
- वित्त विश्लेषक (Chartered Financial Analyst, Chartered Accountant)
- हाईड्रोमेकानिकल/मेकानिकल इन्जिनियर (Hydro-mechanical /Mechanical Engineer)
- सिभिल इन्जिनियर (Civil Engineer)
- आर्थिक विश्लेषक (Economic Analyst)
- हाईड्रोलोजीस्ट (Hydrologist)

**न्युनतम योग्यताः**

सम्बन्धित विषयमा कम्तीमा ५ (पाँच) वर्षको कार्यअनुभव हासिल गरेको हुनुपर्ने छ ।

**पेश गर्नुपने कागजात**

१. व्यक्तिगत विवरण (CV)
२. अनुभवको प्रमाणपत्रहरुको प्रतिलिपि ।
३. शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि ।
४. नेपाली नागरिकताको प्रतिलिपि ।